प्रधान कार्यालय
सामान्य सेवा विभाग
धर्मपथ, काठमाडौं

## सञ्चारवाहक/कुचिकार सेवा करारमा आपूर्ति गर्ने सम्बन्धी बोलपत्र आह्वानको सूचना

## सिलबन्दी बोलपत्र आह्वानको सूचना नं. NBL/NCB23/O081/82

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०३/२५)

१. नेपाल बैंक लिमिटेड २०८२ साल कार्तिक देखि २०८४ असोज मसान्त सम्म दुई बर्षको लागि सञ्चारवाहक/कुचिकार सेवा करारमार्फत आपूर्ति गर्न योग्य बोलपत्रदाताहरुबाट बोलपत्र प्रस्ताव आह्वान गर्दछ ।

२. खरिद गरिने सेवाको किसिम तथा परिमाण बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

३. बोलपत्र सम्बन्धी कागजात e-GP System (www.bolpatra.gov.np/egp) बाट डाउनलोड गर्न सकिनेछ । बोलपत्र कागजात खरिद रकम बापत रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र, पछि फिर्ता नहुने) निम्न बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

बैंक : नेपाल बैंक लिमिटेड शाखा : काठमाडौं बैंकिङ्ग अफिस

खाताको नाम : NBL Listing, Sealed Quotation खाता नं. : ००२००१०६७११२८३००००००१

४. बोलपत्रको मान्य अवधि बोलपत्र खोलिएको मिति देखि १२० दिनको हुनेछ ।

५. बोलपत्र पेश गर्दा बोलपत्र साथ रु.३०,००,०००/०० बोलपत्र खोलिने मितिदेखि गणना हुनेगरी १५० दिन मान्य रहने गरी नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंक तथा बित्तिय संस्था (नेपाल बैंक लिमिटेड बाहेक) बाट जारी गरेको बैंक जमानत वा यस कार्यालयको काठमाडौं बैकिङ्ग अफिसमा रहेको हि नं.००२००१०६७११२८००००००१ नगद जम्मा गरेको सक्कल बैंक भौचर बोलपत्रसाथ संलग्न गर्नुपर्ने छ ।

६. इच्छुक बोलपत्रदाताहरुले ई-बिडिङ्गमार्फत बैंकको लागि आवश्यक सञ्चारवाहक/कुचिकार आपूर्ति गर्न e-GP System (www.bolpatra.gov.np/egp) मार्फत मिति २०८२/०४/२३ गते ११:०० बजेभित्र बोलपत्र दाखिला गर्न सक्नेछन् ।

७. दाखिला भएका बोलपत्रहरु मिति २०८२/०४/२३ गते १२:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस विभागमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन । पूर्व निर्धारित मितिमा कुनै कारणबस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मितिदेखि नै गरिनेछ ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

९. बोलपत्रमा दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकालाई मान्यता दिइनेछ । केरमेट भएमा बोलपत्रदाताको सहीछाप भएको हुनु पर्नेछ ।

१०. म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

११. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

१२. बोलपत्र दाखिलासम्बन्धी अन्य जानकारी बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

१३. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नेपाल बैंक लिमिटेडमा सुरक्षित रहनेछ ।

१४. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बझ्नु परेमा बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ वा बोलपत्र सम्बन्धी कागजात हेर्नु परेमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साइट www.ppmo.gov.np/egp मा हेर्न सकिने छ ।